आ.व. २०७९।८० को बैठक संख्या - १४

आज मिति २०७९ साल माघ महिनाको २३ गते सोमवारका दिन उदयपुरगढी गाँउपालिकाका अध्यक्ष श्री मान बहादुर केप्छाकी मगरको अध्यक्षतामा बसेको कार्यपालीकाको बैठकमा तपसिल अनुसारको उपस्थितिमा निम्नानुसारको प्रस्तावहरु छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मान बहादुर केप्छाकी मगर | गाउपालिका अध्यक्ष | |
| २ | जित बहादुर खडका | गाउपालिका उपाध्यक्ष | |
| ३ | दिल बहादुर राना मगर | वडा अध्यक्ष | |
| ४ | ईन्द्र बहादुर राउत | वडा अध्यक्ष | |
| ५ | मनोज कुमार कार्की | वडा अध्यक्ष | |
| ६ | राम बहादुर घले मगर | वडा अध्यक्ष | |
| ७ | कुमार अधिकारी | वडा अध्यक्ष | |
| ८ | कृष्ण बहादुर खत्री | वडा अध्यक्ष | |
| ९ | भुवन केप्छाकी मगर | वडा अध्यक्ष | |
| १० | थिर बहादुर राउत | वडा अध्यक्ष | |
| ११ | सहेक बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | सरिता कार्की | कार्यपालिका सदस्य | |
| १३ | डिल्लीमाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | मिना कुमारी तामाङ्ग | कार्यपालिका सदस्य | |
| १५ | यसोदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १६ | गुणराज श्रेष्ठ | नि.प्र.प्र.अ. | |

**सहयोगी :**

१. पारस मणि फुयल

२. शेखर वुढाथोकी

<u>**बैठकका प्रस्तावहरू**</u>

१. गत बैठकको समीक्षा सम्बन्धमा ।

२. थप झोलुङ्गे पुल माग सम्बन्धमा ।

३. आ व २०७९।८० मा प्रधानमन्त्री रोजगार कार्यक्रमवाट वडा नं ५ मा रातमाटे डुम्रीटार खमारीटार केउरीनी सडक मर्मत गर्ने सम्बन्धमा ।

४. वडाहरुको सडक निर्माण तथा मर्मत सम्बन्धमा ।

५. उदयपुरगढी गाउँपालिकाको प्रशासकिय भवन निर्माणका लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।

६. खर्च कटौती तथा वजेट रोक्का सम्वन्धमा ।

७. विविध

क_ बाल अधिकारको प्रवर्द्धन तथा बालमैत्री स्थानीय शासन अभियान सम्वन्धमा

ख_ दुवै मिर्गौला पिडीतलाई आर्थिक सहयोग सम्वन्धमा ।

निर्णयहरु :

१. **गत बैठकको समीक्षा सम्बन्धमाः**- गाउँपालिकाको १३ औं बैठक मिति २०७९।९।२० गतेको दिन विभिन्न ११ ओटा प्रस्तावहरू उपर निर्णय भएकोमा निर्णयहरू कार्यान्वयन भइरहेको कुरा अवगत भयो।

२. स्थानीय पुर्वाधार विभागको च नं २३० मिति २०७९।१०।१६ को पत्रमार्फत जानकारी भए अनुसार यस उदयपुरगढी गाउँपालिकाको लागि तपशिल अनुसारको झोलुङ्गे पुल माग गर्ने निर्णय गरियो ।

तपिसल

| क्र सं | झो पु को नाम | ठेगाना | खोलाको नाम | अनुमानीत लम्वाई |
|---|---|---|---|---|
| १ | छाउरी दोभान झोलुङ्गे पुल | उ गा पा ८ | वैधनाथ खोला | ७५ मिटर |
| २ | गोहीया रातमाटे तावाखोला झो पु | उ गा पा १ | तावा खोला | १०० मिटर |
| ३ | घलेटोल करमटार झोलुङ्गे पुल | उ गा पा ५ | रिस्कु खोला | ५० मिटर |
| ४ | गेर्खे झोलुङ्गे पुल | उ गा पा २ | गेर्खे खोला | ८० मिटर |
| ५ | छापाखोला झोलुङ्गे पुल | उ गा पा ५ | छापा खोला | ७० मिटर |
| ६ | मैनाटार विकटडाँडा झोलुङ्गे पुल | उ गा पा ७ | वलान खोला | १०० मिटर |
| ७ | माथील्लो वैजनाथ झोलुङ्गे पुल | उ गा पा ४ | वैजनाथ खोला | १०० मिटर |
| ८ | मौवासीघाट झोलुङ्गे पुल | उ गा पा ६ | वैजनाथ खोला | १०० मिटर |
| ९ | माटेखोला झोलुङ्गे पुल | उ गा पा ४ | माटेखोला | ५० मिटर |
| १० | ढुग्रे रुम्जाटार झोलुङ्गे पुल | उ गा पा ६ | झिरहरी खोला | ८० मिटर |
| ११ | खोल्मेफेदी झवलुङ्गे पुल | उ गा पा ८ | वैधनाथ खोला | ५० मिटर |
| १२ | कोल्टे झोलुङ्गेपुल | उ गा पा ७ | वलान खोला | १०० मिटर |
| १३ | ध्वासेखोला झोलुङ्गेपुल | उ गा पा ७ | ध्वासे खोला | ७० मिटर |
| १४ | सिढुङ्गे वेताहा झोलुङ्गे पुल | उ गा पा ६ | झिरहरी खोला | ८० मिटर |
| १५ | छौडीया खोला रातमाटे झोलुङ्गेपुल | उ गा पा ८ | छौडीया खोला | ७० मिटर |
| १६ | शिखरपुर देउराली वकुवाखोला झो पु | उ गा पा १ | वकुवाखोला | ५० मिटर |
| १७ | वन्चरे व्वासे तावाखोला झो पु | उ गा पा १ | तावा खोला | १०० मिटर |
| १८ | गोहीया पेल्ट्रीसेट तावाखोला झो पु | उ गा पा १ | तावा खोला | १०० मिटर |
| १९ | धेप्चे वावीनिभिर वकुवाखोला झोलुङ्गे पुल | उ गा पा १ | वकुवाखोला | ४० मिटर |
| २० | वाहुनीटार हजारे झो पु | उ गा पा १ | तावाखोला | १५० मिटर |

३. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको आ व २०७९।८० मा यस कार्यक्रमवाट वडा नं ५ को रातमाटे डुम्रीटार खमारीटार केउरीनी सडक मर्मत गर्ने निर्णय गरियो ।

४. पुर्वाधार विकास तर्फको चालु आ व को तपशिल अनुसारको वडाहरुको सडक निर्माण तथा मर्मत सार्वजनीक खरिद ऐन अनुसार दरभाउपत्र मार्फत गर्ने निर्णय गरियो ।

तपसिल

उदयपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
१ नं. प्रदेश नेपाल

| क स | योजनाको नाम | वडा नं | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | उदयुरगढी हर्रा भन्ज्याङ्ग चुलाढुङ्गा हाडेटार टाडे ककनी सडक निर्माण तथा मर्मत | वडा नं ५ | ५०००००।०० | |
| २ | ककनी हाडेटार सडक निर्माण | वडा नं ५ | ३०००००।०० | |
| ३ | राईटोल छापाखोला सडक निर्माण | वडा नं ५ | १५००००।० | |
| ४ | अधेरी नाङ्ग्राङ्गे तिल्केनी थापाटार हाडेवास वडा कार्यालय सम्मको सडक | वडा नं ७ | १००००००।० | |
| ५ | ककनी विरालीटार हाडेवास सडक निर्माण तथा मर्मत | वडा नं ७ | ७०००००।० | |
| ६ | ककनी विरालीटार हाडेवास सडक स्तरउन्नती कजवे निर्माण - ४ लाख ,मैनाटार खेल मैदान निर्माण १ लाख,विजनवारी कुईविर सडक १ लाख | वडा नं ७ | ६०००००।० | तिनवटा योजनाको एकैमा मर्ज गरिएको । |
| ७ | कुडीया दशमुरे पचास होम पाईप तथा सडक मर्मत १ लाख, वडा कार्यालय मा वि नेपालटार सडक निर्माण १ लाख ५० हजार,धप्पर तिनटाटने दोभान सडक निर्माण ३ लाख,रातमाटे दनुवार वेशी वाटो निर्माण तथा ग्राभेल १ लाख ५० हजार | वडा नं ६ | ७०००००।०० | चार वटा योजनाको एकैमा मर्ज गरिएको । |
| ८ | गोहीया सडक ग्राभेल १ लाख ५० हजार, ओदाले नागवेले फिल्ड तथा कालीदमार टाँडे सडक २ लाख,वोहोरीवोट डाँडाटोल सडक निर्माण तथा मर्मत २ लाख,कार्की टोल देव्रेघारी सडक २ लाख | वडा नं ६ | ७५००००।० | चार वटा योजनाको एकैमा मर्ज गरिएको । |
| ९ | लिपे दुर्जे वन्चरे सडक रिङ्गरोड स्तरउन्नती ३ लाख, व्वासे देखी भुजेलटोल खोप भन्ज्याङ्ग सडक विस्तार ३ लाख,विश्वे चौरी तोरीवारी र धेप्चे हुदै आपडाँडा सडक विस्तार ३ लाख ५० हजार | वडा नं १ | ९५००००।० | तिन वटा योजनाको एकैमा मर्ज गरिएको । |
| १० | चिउरी भन्ज्याङ्ग देखी अग्राखे सम्मको सडक निर्माण ७ लाख, | वडा नं ४ | १००००००।०० | तिन वटा |

| | | | | |
|---|---|---|---|---|
| | चुलिडाँडा देखी माटेपाखा सडक निर्माण १ लाख, पाँडे भन्ज्याङ्ग कार्की पधेरा हुदै एक्ले राना तोरी भन्ज्याँङ्ग फास्ट ट्याक निर्माण २ लाख | | | योजनाको एकैमा मर्ज गरिएको । |
| ११ | पाडे भन्ज्याँङ्ग देखी गजेथुम्का वाटो निर्माण २ लाख , पाँडे भन्ज्याँङ्ग देखी गोगने मझुवा स्कुल सडक निर्माण ८ लाख, | वडा नं ४ | १००००००।०० | दुई वटा योजनाको एकैमा मर्ज गरिएको । |
| १२ | माथील्लो चुरुम्फा देखी सीरीशे सम्म सडक निर्माण | वडा नं ४ र ८ | ८०००००।०० | |
| १३ | जल्केनी आरुवोट विर्तागाउ मझुवा सडक ३ लाख थप ३ लाख ५० हजार, सिमधाप देखी नर्कटे सडक निर्माण १ लाख थप ५० हजार, तोरी भन्ज्याङ्ग नेवारे आछामेपाखा फास्ट ट्र्याक निर्माण १ लाख, हिमन्ते चुहाडाडा मांकाली थान जोडने सडक ५० हजार | वडा नं ४ | ९५००००।० | चार वटा योजनाको एकैमा मर्ज गरिएको । |
| १४ | स्वास्थ्य चौकी माथी देखीको वोहोरीटार वेतेनी मझुवा जोडने सडक ३ लाख,मझुवा बेतीनि साझवोटे भट्टराईटोल सडक मर्मत तथा स्तर उन्नती ३ लाख,आरुवोटे चौतारा हुदै गैरीगाउँ सडक १ लाख ५० हजार,साजवोटे स्कुल देखी वडहरे खोला दाहालडाडा जोडने सडक १ लाख ५० हजार | वडा नं ४ | ९०००००।०० | चार वटा योजनाको एकैमा मर्ज गरिएको । |
| १५ | वाग ढुगा तोरी भन्ज्याङ्ग सडक निर्माण | वडा नं ३ | १००००००।० | |
| १६ | डुम्रीटार आसपास सडक मर्मत १ लाख र रातमाटे सानोढुग्रे पानी घट्टा सडक ७ लाख | वडा नं ३ | ८०००००।० | दुई योजना मर्ज |
| १७ | जरुवा हात्तीटार काकाकुली खोल्सा डुम्रे सडक मर्मत तथा स्तरउन्नती ५ लाख | वडा नं ३ | ५०००००।० | |
| १८ | वडा नं ३ र ४ को सानो ढुग्रे ठुलो ढुग्रे तामाडाँडा सडक | वडा नं ३ | ८०००००।० | आ व २०७८।७९ को छुट योजना मिति २०७९।४।१९ गतेको वैठकवाट निर्णय भए वमोजीम |
| १९ | तावा तथा रैतीमा नदि नियन्त्रण २ लाख र आपतकालीन सडक | वडा नं ३ | ५०००००।० | दुई योजना मर्ज |

| | | | | |
|---|---|---|---|---|
| | मर्मत ३ लाख | | | |
| २० | स्वास्थ्य चौकी वर्रे वर्थिङ सेन्टर मर्मत संभार ६ लाख,वडा कार्यालय पहिरो नियन्त्रण १ लाख | वडा नं ३ | ७०००००।० | दुई योजना मर्ज |
| २१ | वडा भरिका सिचाईको लागि पाईप तथा सिमेन्ट खरिद १ लाख,वडा भरि टुक्रे खा पा को लागि सिमेन्ट तथा पाईप खरिद २ लाख | वडा नं ३ | ३०००००।० | दुई योजना मर्ज |
| २२ | देविथान झाक्रीखोप सडक निर्माण | वडा नं ३ | ५०००००।० | |
| २३ | माटेखोला सरुने पातीटार सडक मर्मत २ लाख,कार्तिकि चिलाउनेटार सडक निर्माण १ लाख ५० हजार,सुवेदी टोल नया हस्पिटल गढी सडक निर्माण १ लाख ५० हजार,घलेनीटार कन्याखोला खमारीटार केउरीनी कामीडाँडा सडक मर्मत ३ लाख | वडा नं ५ | ८०००००।०० | चार वटा योजना मर्ज |
| २४ | गोठडाडा काभ्रीवोट वनपाला विजुवाथान दामे सरुने सम्मको वाटो निर्माण | वडा नं ८ | ७०००००।०० | |
| २५ | वडा भित्रका निर्माण सम्पन्न सडक स्तर उन्नती ६ लाख,सरुने गैडाखोर विर्तागाउ सडक ३ लाख ५० हजार | वडा नं ८ | ९५००००।०० | आ व २०७८।७९ को वाकी समेत |
| २६ | सरुने गैडाखोर विर्तागाउ सडक २ लाख, खोल्मेपुछार चिलाउने हुँदै भदौरे सडक निर्माण ४ लाख | वडा नं ८ | ६०००००।० | दुई योजना मर्ज |
| २७ | मिलघट्टा सिम्ले खोलाघारी हुँदै चुरुम्फा स्कुल सडक | वडा नं ८ | ५०००००।० | |

५. यस उदयपुरगढी गाउँपालिकाको प्रशासकिय भवन निर्माण गर्नुपर्ने भएकोले विगत वि सं २०७२ सालमा साविक पन्चावती गा वि स भवन निर्माण भई वि सं २०७३ फाल्गुण २८ गते उदयपुरगढी गाँउपालिकाले भोगचलन गरिरहेको जिल्ला उदयपुर पन्चावती १ क ७९ कित्ता नं को जम्मा क्षेत्रफल ४–१६–३–० मध्ये पुर्वमा पुरानो गढी जाने सडक पश्चीममा पन्चावती १ क कित्ता नं १३० उत्तरमा उदयपुरगढी टुडीखेल गणेश मन्दीर र दक्षीणमा गाउँपलिकाले भोगचलन गरिरहेको क्षेत्र अन्दाजी २-१०-०-० नेपाल सरकारको नाममा रहेको सरकारी ऐलानी जग्गा उदयपुरगढी गाउँपालिकाको नाममा हकभोग लिई उक्त जग्गामा गाउँपालिकाको प्रशासकिय भवन निर्माण गर्न उपयुक्त हुने देखीएकोले सो जग्गाको भोगाधीकारको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति,२०७९ वमोजीम उदयपुरगढी गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि जग्गा उपलव्ध गराई आवश्यक प्रकृया अगाडी वढाईदिनको लागि मालपोत कार्यालय

उदयपुर,नापी कार्यालय उदयपुर, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,गृह मन्त्रालय तथा जिल्ला सिफारीस समिति उदयपुरमा अनुरोध गर्ने निर्णय गरियो ।

६. संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयको च नं ३०५ मिति २०७९।१०।२० को पत्रानुसार खर्च कटौती तथा वजेट रोक्का सम्वन्धी जानकारी गराईयो ।

७. विविध ७ को क उदरपुरगढी गाँउपालिकामा बालअधिकारको प्रवद्र्धन तथा यस गाँउपालिकालाई बालमैत्री स्थानीय शासनको कार्यान्वयनलाई प्रभावकारी बनाउदै तोकिएको समयमा नै बालमैत्री गाँउपालिका घोषणाका लागि गाँउ कार्यपालिकाको बैठकबाट निम्नानुसार निर्णय गरियो ।

- ✓ उदरपुरगढी नगरपालिकाकाका सबै वडाहरुमा वडा बालअधिकार समितिहरुको गठन तथा पुनर्गठन गर्ने
- ✓ ५ कक्षाभन्दा माथिल्लो तहका अध्ययन अध्यापन हुने सबै सामुदायिक तथा नीजि विद्यालय र समुदायहरुमा बाल क्लबहरुको गठन पुनर्गठन गर्ने
- ✓ सबै वडाहरुमा वडा स्तरिय बाल क्लव सज्लाल र गाँउपालिका तहमा पालिका स्तरिय बाल क्लव संजाल गठन गर्ने
- ✓ बाल कल्याण अधिकारीलाई बालबालिकाका सम्वन्धी ऐन २०७५ र बालबालिका सम्वन्धी नियमावली २०७८ मा उल्लेख भएअनुसारको कार्यजिम्मेवारीसहितको नियुक्ति पत्र उपलब्ध गराउने
- ✓ बालमैत्री स्थानीय शासनसँग सम्वन्धित वडा समिति तथा गाँउपालिका तहको समितिहरुको गठन गर्ने निर्णय गरियो ।
- ✓ सहायक कम्प्युटर अपरेटर श्री कल्पना कुमारी राना मगरलाई बालमैत्री फोकल व्यक्तिको रुपमा तोक्ने निर्णय गरियो ।
- ✓ गाँउपालिकामा बालमनोविज्ञ तथा सामाजिक कार्यकर्ताको सुचिकरणको लागि आव्हान गर्ने निर्णय गरियो ।
- ✓ गाँउपालिका तहमा बाल संरक्षण प्रणालीको विकासका लागि बालसंरक्षण प्रणाली नक्शांकन गर्ने निर्णय गरियो ।
- ✓ बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ४८ अनुसार विशेष संरक्षण आवश्यक भएका बालबालिकाहरुको संरक्षणका लागि विशेष कार्यक्रम तय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।
- ✓ बाल कोष सम्वन्धी विद्यमान कार्यविधीमा आवश्यक पुनरावलोकन गरी संशोधित कार्यविधी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।
- ✓ बालमैत्री स्थानीय शासनको कार्यान्वयनका लागि बालबालिकाको प्रोफाइल तथा अवस्था प्रतिवेदन, लगानी योजना, दिगोपनाका लागि रणनीतिक योजना र बालमैत्री आचार संहिता तयार गर्ने निर्णय गरियो ।
- ✓ बालमैत्री स्थानीय शासनको कार्यान्वयन सँगै गाँउपालिकामा पोषणमैत्री स्थानीय तह, बालश्रममुक्त स्थानीय तह, बाल विवाहमुक्त स्थानीय तह, पुर्ण खोप अभियान, संस्थागत सुत्करी सतप्रतिशत अभियान (जिरो होम डेलीभरी), विद्यालय शान्ति क्षेत्र अभियान तथा पुर्ण र नियमित विद्यालय अभियान समेत संचालन गर्ने निर्णय गरियो ।
- ✓ गाँउपालिकाको बालमैत्री स्थानीय शासन तथा बालअधिकारसँग सम्वन्धित अनुभव, उपलब्धी र सिकाइहरूको अभिलेखीकरण र दस्तावेजीकरण गरी प्रकाशन गर्ने तथा गाँउपालिकामा बालमैत्री स्थानीय शासन स्रोत केन्द्र तयार गर्ने निर्णय गरियो ।

- ✓ बालबालिकाका सवालमा विषयगत कार्यालय, विकाश साझेदार, राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्था, नागरिक समाज, नीजि क्षेत्र, वित्तिय संस्था, उपभोक्ता समुह, टोल विकास संस्था, समुदायमा आधारित संस्था, आमा समुह, युवा क्लब, बाल क्लव, विद्यालय, संचार क्षेत्र लगायतका सरोरकारवालाहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी विकाश गरी बालमैत्री गाँउपालिकाको अभियान तोकिएको समयमा नै पुरा गरी बालमैत्री गाँउपालिका घोषणामा जुट्ने निर्णय गरियो ।

८. विविध ख मा रहेको दुवै मिर्गौला पिडीतलाई आवश्यक कागजातको आधारमा यस गाउँपालिकाको वडा नं ७ विरालीटार वस्ने वर्ष १७ को निरुता लायो मगरलाई विपद व्यवस्थापन तथा राहत कोषवाट रु १५०००।०० आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

९. विविध ग यस उदयपुरगढी गाउँपालिका वडा नं ८ र ६ मा पर्ने तपशिलका निर्माण सेवाहरुद्वारा TOR तयार गरि नम्वरी जग्गा सम्याई निस्केको ढुगा वालुवा गिटी निकाशी गर्न TOR स्विकृत गरि IEE तयार गर्नको लागि स्विकृत दिने निर्णय गरियो ।

तपशिल

- ✓ पन्चावती कन्स्ट्रक्सन प्रा ली ,त्रि न पा ११
- ✓ आयुस्मान सप्लायर्स ,उ गा पा ६

१०.विविध घ मा यस गाउँपालिका वडा नं ८ वस्ने प्रोप्राईटर सिता राई भएको चाम्लीङ्ग निर्माण सेवाको माग निवेदन वमोजिम घ वर्गको ईजाजत पत्र प्रासको लागि पेश भएको आवश्यक कागजातहरु उपर छानविन गरि प्राविधीक शाखावाट सिफारीस भए अनुसार घ वर्गको ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

११.विविध ङ मा यस गाँउपालिका वडा नं १ हजारे गाँउमा रहेको श्री जय विद्या मन्दीर वोर्डीङ्गको माग निवेदन वमोजिम आवश्यक कागजातको आधारमा पूर्व प्राथमिक कक्षा सन्चालनको लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

१२. विविध च मा यस गाउपालिका वडा न २ र ५ मा रहेका तपसिलका विद्यालयको शैक्षिक सत्र वि सं २०८० देखी कक्षा थप गर्ने निर्णय गरियो ।

तपसिल

नमुना देवि आ वि माङ्सीङ्टारलाई कक्षा ४ सम्म

जनता आ वि कुर्कुन्टारलाई कक्षा ७ सम्म